जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं ।
- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

prateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ माघ ०३ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 January 17 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४२

## महानगरको सडक मरम्मतको लागि काङ्ग्रेसको धर्ना

## सडक मरम्मत कार्य तुरुन्त शुरु हुन्छ -प्रमुख साह

प्रस, वीरगंज, २ माघ/

नेपाली काङ्ग्रेस वीरगंज महानगर कमिटीले घण्टाघरमा धर्ना, सभा गरेको छ । वीरगंजको सडकहरू बिग्रेको र महानगरपालिकाले सोको मरम्मत सम्भार नगरेको भन्दै घण्टाघरअगाडि धर्ना दिएको थियो ।





खाल्डाखुल्डी परेको वीरगंजको मुख्य सडक । तस्वीरः नितेश कर्ण

धर्ना कार्यक्रममा नेपाल विद्यार्थी सङ्घ, पर्साका पूर्वअध्यक्ष दिलीपराज कार्कीले नगर प्रमुखले सडक मरम्मत, सम्भारमा ध्यान नदिएको आरोप लगाए । उनले सडक सञ्जाल बिग्रँदा पनि नगरप्रमुखले सोको मरम्मत गर्ने पहल नगरेको भन्दै आलोचना गरे । यही सडकबाट सबैजनाको आवतजावत भइरहेको र नगरप्रमुखले प्रयोग गर्ने बाटो भएको तर खाल्डाखुल्डी भएर सवारी साधन सञ्चालन गर्न समस्या भएपनि नजरअन्दाज गरेको बताए ।

कार्कीले सडक सञ्जाल अविलम्ब मरम्मत नगरिए नेकाले चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिए ।

महानगरका सभापति भोलाप्रसाद कलवारको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष जगतसाह कानूलगायतको नेका कार्यकर्ताहरूको सहभागिता थियो ।

यसैबीच वीरगंज महानगरपालिकाको मुख्य सडकको मरम्मत सम्भारको लागि सडक विभागले ठेक्का आह्वान गरेको छ । वीरगंज–पथलैया व्यापारिक मार्ग योजनाका प्रमुख मनीषकुमार साहले मितेरीपुलदेखि पावर हाउसचोकसम्म सडक मरम्मत सम्भारको लागि अढाई करोड बजेट विनियोजन भएर आएको र सोही अनुरूप ठेक्का आह्वान भएको बताए । उनले पुस ५ गते सडक निर्माणको लागि ठेक्का आह्वान भइसकेको र ३५ दिनपछि ठेक्का लागि काम शुरू हुने बताए ।

## फोहोरबाट मोहर पाउने भनाइमा मात्रै सीमित

## चाडपर्वमा कहिल्यै उठ्दैन निजगढमा फोहोर मैला

प्रस, निजगढ, २ माघ/

'फोहोर सङ्कलन गर्नुहोस् । मोहोर पाउनुहुन्छ' अर्थात् फोहोर जम्मा गरेबापत पैसा दिने निजगढ नगरवासीलाई आश्वासन दिने ग्रीन एन्ड क्लिन सिटी हेटौंडाले दैनिक व्यवस्थापन गर्नुपर्ने फोहोर मैला व्यवस्थापन गर्ने गरेको छैन ।


तस्वीरः जीतलाल श्रेष्ठ

विशेषगरी चाडपर्वका बेला राजमार्ग सडक सार्वजनिक चोक, प्रतीक्षालय लगायत मुख्य स्थानहरूको नै फोहोर मैला उठाउने गरेको छैन । माघे सङ्क्रान्तिका दिन निजगढ नगरको शहीदचोक, बुद्धचोक, बस प्रतीक्षालय जस्ता मुख्य सडक वा चोकका फोहोर मैला दिनभर नउठाउँदा यी सार्वजनिक स्थानहरू कुरूप देखिएका छन् ।

चाडबाडमा निजगढमा हुने ठूला सभा–सम्मेलन, कार्यक्रमका दिन प्रायः यस्तै दुर्गति देखिने गरेको उदाहरण प्रशस्तै छ । आफ्नो संस्थाले हेटौंडालाई

(बाँकी अन्तिम पातामा)

## घाम लागेपछि गहुँबाली गर्ने किसान हर्षित

प्रस, सेढवा, २ माघ/

यता केही दिनदेखि घाम लाग्न शुरू भएपछि गहुँबाली लगाएका किसानहरू खुशी देखिएका छन् ।


घाम लागेपछि गहुँबालीमा मल छर्दै किसानहरू । तस्वीरः ओमप्रकाश चौधरी

पुस १४ गते परेको बेमौसमी वर्षाको कारण यहाँका किसानहरूले लगाएको गहुँबाली प्रभावित भएको थियो । सिंचाइ गरेर मल छर्ने बेला पानी परेपछि खेतमा पानी भएको कारण मल छर्न नसकेको र गहुँको पात पहेंलो भएको कारण किसानहरू चिन्तित भएका थिए । घाम लाग्न शुरू भएपछि पानी सुक्ने र गहुँ बाली सप्रिने आशा पलाएको जीराभवानी गाउँपालिका–२ सेढवाका प्रदीप दास थारूले बताए । उनले सिंचाइ गरेको बीस दिनपछि युरिया मल छर्नुपर्ने बेला बेमौसमी वर्षा भएको कारण मल छर्न समस्या भएको बताए । उनले केही किसानले युरिया, सल्फर र जिंक मिसाएर खेतमा छरेको र आफूले पनि सोही अनुरूप मल छर्न शुरू गरेको बताए । खेतमा पानीको मात्रा बढी भएकोले सल्फर र जिंक युरियामा मिसाएर किसानहरूले छरिरहेको र त्यसको असर राम्रो भएको थारूले बताए ।

जीराभवानी गापा–५ सखुवनियाका किसान मुक्तिनारायण दासले केही दिनदेखि घाम लाग्न शुरू भएपछि गहुँको पात पहेंलोबाट हरियो हुन लागेको बताए । उनले यसैगरी घाम लागेको खण्डमा गहुँबालीलाई खासै नोक्सानी नहुने बताए । पुस १४ को बेमौसमी वर्षाले चिन्तित यहाँका किसानहरूलाई पछिल्लो समय पानी नपर्दा हाइसन्चो भयो । महानगरलगायत केही स्थानमा चार दिन अघि पानी परे पनि थरूहट क्षेत्रमा भने पानी नपरेकोले गहुँ खेतीलाई असर पारेन ।

गहुँ खेतीसँगै सुर्ती र तोरी बाली गरेकाहरूलाई घामले फाइदा भएको छ । ठोरी गापा–५ का बलराम कोर्मोचाले तोरी पाकेर उखेल्ने बेलामा घाम लागिरहेको कारण सजिलो भएको बताए । उनले अबको केही दिनमैं तोरी उखेलेर सुकाउने तयारीमा रहेको बताए ।

## लोसपाद्वारा मुख्यमन्त्री निवास अगाडि प्रदर्शन

प्रस, वीरगंज, २ माघ/

लोसपासँग आबद्ध युवाहरूले आइतवार बिहान मुख्यमन्त्री निवास वीरगंजमा प्रदर्शन गरेका छन् । वीरगंज–११ श्रीपुरस्थित मुख्यमन्त्री लालबाबू राउत गद्दीको निवास अगाडि प्रदेशको राजधानी वीरगंज हुनुपर्ने माग गर्दै युवाहरूले प्रदर्शन गरेका हुन् । जिल्ला समन्वय समिति, पर्साबाट र्‍याली निकालेर मुख्यमन्त्री गद्दी निवास अगाडि प्रदर्शन गरी र्‍यालीसहित जिसस पर्सा पुगेर समापन गरेका थिए ।

यस अघि लोसपाका नेता राजेशमान सिंहले स्थानीय प्रशासनको आग्रहमा मुख्यमन्त्री गद्दीको घर अगाडि प्रदर्शन कोरोनाको कारण नगरी प्रजिअलाई ज्ञापनपत्र बुझाएका थिए । ज्ञापनपत्र बुझाएको दुई दिनपछि आज सोही पार्टीका युवाहरूले प्रदर्शन गरेका हुन् । प्रदर्शनमा



मुख्यमन्त्री निवास अगाडि धर्ना दिँदै । तस्वीरः प्रतीक

लोसपाका युवा नेताहरू सुजीत गिरी, राजु गुप्ता, महादेव कुर्मी, सजीव यादव, सञ्जय मण्डल, कृष्ण पटेल, अलि हसन, शिवजी गुप्ता, सगीर अलि, अङ्कित मिश्रा, अजय महतो, रूपेश यादवलगायतको सहभागिता थियो ।

## पर्सामा सोमवारदेखि बुस्टर डोज दिइने

प्रस, वीरगंज, २ माघ/

पर्सा जिल्लामा सोमवारदेखि कोरोनाविरुद्ध बुस्टर डोज लगाउने स्वास्थ्य कार्यालय, पर्साका खोप अधिकृत जयमोद ठाकुरले बताए ।


तस्वीरः फाइल/प्रतीक

उनले प्राविधिक कारणले आइतवारदेखि सञ्चालन गर्नुपर्ने बुस्टर डोज एक दिनपछि सञ्चालन हुन लागेको बताए । बुस्टर डोजको लागि कोभिशिल्ड ३७ हजार र भेरोसिल २३ हजार माग गरिएको उनले बताए ।

पर्सा जिल्लामा सोमवारदेखि शुरू हुने बुस्टर डोज, पहिलो चरणमा फ्रन्टलाइनमा काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, सञ्चारकर्मी, सरसफाइकर्मी, वारुणयन्त्र, एम्बुलेन्स चालकलगायत दिने र त्यसपछि क्रमशः अन्यलाई दिने अधिकृत जयमोद ठाकुरले बताए ।

उनले पुस १९ देखि २७ गतेसम्म सञ्चालित विशेष खोप अभियानमा जिल्लाका १४ वटा पालिकामा १ लाखभन्दा बढीलाई खोपको पहिलो र दोस्रो मात्रा दिएको बताए । उनले पर्सागढी नगरपालिकाबाहेक सबैबाट खोपको विवरण आइसकेको जानकारी गराए । अहिले पनि खोप लगाउन इच्छुक संस्थाहरूबाट खोपको पहिलो र दोस्रो मात्रा दिने काम भइरहेको अधिकृत ठाकुरले बताए ।

## विचारसार र सूक्तिहरू

वाणी र विचार नितान्त आफ्नो हुन्छ। त्यसको गुणवत्ता जति राम्रो हुन्छ, मूल्य पनि त्यति नै बढी पाइन्छ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com

Website: www.prateekdaily.com


# कोरोनाले खायो चाड र दिवस

यसपालि मात्र होइन, तीन वर्षदेखि कोरोनाले विभिन्न चाडपर्वहरूको उत्साह मलीन पारिदिएको छ। कुनै वर्ष दशैं, कुनै वर्ष होलि त कुनै वर्ष माघी र योग दिवसजस्ता दिनहरू कोरोनाका कारण खल्लो बन्न पुगेका छन्। चाडपर्व र दिवसहरू मानिसहरूको भेला हो, स्पर्श–आत्मीयताको क्षण हो। हात मिलाउनु, आलिङ्गन गर्नु, टाँसिनुले आत्मीयता प्रदर्शन हुन्छ। भेला भनेको उच्छृङ्खल भीड होइन, तर पनि कोरोनाले हुलको वर्जनाजस्तै सम्पूर्ण स्मरणीय मानवीय गतिविधिमा छेकबार लगाइदिएको छ। मैलो भएको मन पखाल्ने, तन उत्फुल्ल बनाउने, भेटघाट, भलाकुसारी, विचार–विमर्शहरूका लागि हामीकहाँ अवसर भनेको चाडपर्व र दिवसहरू नै हुन्। झन् यसपालि त योग दिवसलाई कोरोनाले खायो। योग दिवस, जहाँ भेट हुनैपर्ने, आपसमा बातचित र सहयोग हुनैपर्ने अवसर हो। यस्तो दिवसलाई पनि भर्चुअल माध्यमबाट मनाउनुपर्ने बाध्यता कोरोनोको दुस्सह आक्रान्तिले गर्दा नै हो। कोरोनाले मानिसलाई आक्रान्त पारेको छ, उसका सबै स्वाभाविक गतिविधिहरू प्रभावित पारेको छ।

चाडपर्वहरू त प्रत्येक वर्ष आइरहन्छन्, दिवसहरू पनि मनाइ नै रहिन्छ भनेर सन्तोष गर्नुपर्ने अवस्था पनि छैन। किनकि नेपालमा भर्खरै, सरकारीस्तरमा नभए पनि, समूहगत वा जातिगतरूपमा धेरै लुप्तावस्थामा रहेका चाडपर्वहरूको उत्थानको दिन आइरहेको छ। माघे सङ्क्रान्ति सबै सनातनीको रमाइलो मात्र होइन, स्वास्थ्य विज्ञानको दृष्टिले पनि उपलब्धिमूलक चाड हो। थारू समुदायको त यो नयाँ वर्षको शुरूआत र मुख्य चाड नै हो। देशमा लोकतन्त्रको आगमनसँगै हीन मनोविज्ञानले आफ्ना चाडपर्वहरूलाई, उच्च जातिका सामुन्ने बिर्सदै गएका अल्पसङ्ख्यकहरूले, उत्तिष्ठ पार्ने जमर्को हुन थालेको बेला यसमा विच्छिन्नता आउनु राम्रो होइन। तर निरुपाय जनताले अघोर त्रासदायी कोरोनाले गर्दा पाइला पछि सार्नुको विकल्प पनि छैन। र प्रशासनले पनि त्यसो गर्न दिने अवस्था छैन। व्यक्ति त आफ्नो रुझानलाई माथि राखेर, जोखिम मोलेर पनि यस्ता कार्यक्रम गर्न अघि सर्ला तर प्रत्येक भावना, मनोविज्ञानबाट अछूतो रहेको प्रशासनको हकमा भने मानिसको ज्यान जोगाउनुबाहेक अरू विकल्प हुँदैन। त्यसैले हेर्दा कठोर, भावनाहीन देखिए पनि कोरोना सङ्क्रमणबाट उन्मुक्ति पहिलो दायित्व बन्न आउँछ। सोही अनुसार भयो; तर खल्लो भयो त्यो आजको विवशता हो।

इतिहासमा मानिसले धेरै परीक्षा दिनुपर्छ। कोरोना महामारी पनि त्यसैमध्येको एक हो। यो मानवीय क्षमता, सुझबुझ, धैर्य र सहनशीलताको परीक्षा हो। हामी लामो समय लकडाउनमा बस्यौं, धेरै चाडपर्वको सान्निध्यबाट वञ्चित भयौं, इष्टमित्रहरूको उपस्थितिको अभाव झेल्यौं, किनभने यी सबभन्दा मानिसको अस्तित्व मूल्यवान् छ। मानिस रहे मात्र सबै चाडपर्व र दिवसहरूको औचित्य हुन्छ। त्यसैले सबै नियमन–निग्रहहरूको पालना गर्दा थोरै मात्र ज्यानको नोक्सानीमा हामी कोरोनामाथि विजय हासिल गर्ने दिशामा अग्रसर हुन सक्यौं। नोक्सानी पनि, लागू मापदण्ड पालना नगर्दा मात्र भएको हो। त्यसमा सरकार र प्रशासनको अहम् भूमिका देखिन आउँछ। नागरिक भनेको बच्चाजस्तै हो। आगो पनि छुन चाहन्छ। त्यस्तो चकचके बच्चालाई हप्काउनु, रोक लगाउनु अभिभावकको दायित्व भएजस्तै प्रशासनले पनि चाहेर वा नचाहेर यस्ता प्रतिबन्धात्मक काम गर्नुपर्छ। र यस्तोमा नागरिकले पनि अन्यथा नलिई मानव अस्तित्वलाई प्राथमिकता दिनुपर्छ। यही प्राणीमात्रको धर्म हो।

# देश विकासमा शिक्षकहरूको भूमिका

शिक्षा नेपाल




अनन्तकुमार लाल दास

anantlaldas@gmail.com


**शिक्षकले आफ्ना सबै विद्यार्थीलाई एउटा राम्रो भविष्य, एउटा सुरक्षित भविष्य दिनको लागि र विश्वभरि शान्ति, समझदारी र एकता स्थापनाका लागि उनीहरूको कलिलो मनमस्तिष्कमा नेपाली संस्कृति, वीरता र सभ्यताको रूपमा 'वसुधैव कुटुम्बकम्' जस्ता विचाररूपी बीउ छर्नुपर्छ।**

शिक्षकहरू राष्ट्रिय संस्कृतिका चलाख माली हुन्। उनीहरूले संस्कारको जरोमा मल हाल्छन् र आफ्नो श्रमद्वारा सिञ्चित गरेर त्यसलाई शक्तिमा रूपान्तरण गर्छन्। कुनै पनि देशको वास्तविक विकासकर्ता वा निर्माता त्यस देशका शिक्षकहरू नै हुन्छन्। शिक्षाको प्रमुख आधार पनि शिक्षकहरू हुन्छन्। शिक्षकहरूले विद्यार्थीहरूको व्यक्तित्व विकास गर्नुका साथै देश विकासमा पनि प्रमुख योगदान दिन्छन्। कुनै पनि देशको मूर्त्तरूप त्यहाँ बसोवास गर्ने नागरिकमा निहित हुन्छ। कुनै पनि देशको विकासका लागि त्यहाँ बस्ने नागरिकहरूलाई तयार गर्ने काममा शिक्षकहरूको भूमिका अति महत्त्वपूर्ण हुन्छ। अनादिकालदेखि शिक्षकहरूको महत्त्वको गुणगान उनीप्रदत्त ज्ञानकै कारण हुँदै आएको छ। अहिले पनि शिक्षकले विद्यार्थीहरूको भविष्य निर्माण गरेर देशको भविष्य उजागर गर्न सक्छन्।

शिक्षकको भूमिका विद्यार्थीहरूलाई पढाउनसम्म मात्र सीमित हुँदैन। विद्यार्थीहरूलाई पढाइबाहेक उनीहरूको सामाजिक जीवनसँग सम्बन्धित उत्तरदायित्व बोध गराउने र समाज निर्माण गर्ने योग्य बनाउने कार्य पनि शिक्षकहरूको दायित्व हो। भविष्यमा यस्तै विद्यार्थीहरू समाज विकासको आधार बन्छन्। शिक्षकको भूमिकाको विषयमा के भनिएको छ भने शिक्षा व्यवस्थामा सबैभन्दा महत्त्वपूर्ण घटक शिक्षक हो। शिक्षाबाट समाजमा जुन इच्छा, आकाङ्क्षा र उद्देश्य पूर्तिको कल्पना गरिन्छ त्यो शिक्षकमाथि नै निर्भर हुन्छ। जस्तोसुकै शिक्षा प्रणाली भए तापनि त्यसको प्रभावकारिता र सफलता त्यस प्रणालीमा संलग्न शिक्षकहरूको कार्यमाथि निर्भर गर्दछ। किनभने भावी पुस्तालाई शिक्षित गर्नु समाजको अपेक्षा पूरा गर्नु हो। यस कारण शिक्षकको दायित्व के हो भने उनीहरू समाज र राष्ट्रको चाहना साकार गर्न हरसम्भव प्रयास गरून्।

विद्यार्थीहरूको मानसिक विकासमा शिक्षकहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। एउटा सीपयुक्त शिक्षकले आफ्नो शिक्षण शैलीबाट विद्यार्थीहरूमा राष्ट्रियताको भावना जगाउन सक्नुपर्छ। राष्ट्रियताको भावनाले जहाँ एकातिर विद्यार्थीहरूलाई राष्ट्रभक्त र आदर्श नागरिक बनाउँछ, त्यहीं विद्यार्थीहरूमा राष्ट्रिय एकताको विकास पनि गर्दछ। यसर्थ के भन्न सकिन्छ भने नेपालको भविष्य निर्माण विद्यालयको कक्षाहरूमा भइरहेको छ। यस तथ्यले अप्रत्यक्षरूपले शिक्षकहरूको भूमिकालाई पनि निश्चित गरिरहेको छ। राष्ट्रको विकास र निर्माणमा शिक्षकहरूको भूमिकालाई तपसील बमोजिम पनि बुझ्न सकिन्छ।

प्रसिद्ध शिक्षाशास्त्री फ्राबेलका अनुसार–"शिक्षा एउटा यस्तो प्रक्रिया हो जसले केटाकेटीहरूको आन्तरिक गुण र शक्तिलाई प्रकाशित गर्दछ।" एउटा दक्ष शिक्षकले नै केटाकेटीहरूको आन्तरिक गुणको पहिचान गरेर त्यसलाई विकसित गर्न सक्छ र शिक्षकबेगर यो कार्य सम्भव छैन। त्यहीं वुडवर्थका अनुसार "व्यक्तित्व मानिसको सम्पूर्ण व्यवहारको व्यापक विशेषताको नाम हो।" आधुनिक युगमा केटाकेटीहरूको आन्तरिक शक्तिको विकास हुनु नै पर्याप्त होइन, उनीहरूको बाह्य व्यक्तित्वको विकास हुनु पनि त्यतिकै आवश्यक छ। शिक्षकले विद्यार्थीहरूको आन्तरिक र बाह्य व्यक्तित्वको विकासमा परिणाममुखी भूमिका निर्वाह गर्छ।

मानिस सामाजिक प्राणी हो र उसलाई समाज अनुकूल बनाउने दायित्व शिक्षकको हुन्छ। शिक्षकले नै मानिसलाई समाजको आदर्श, मूल्य र मान्यताहरूसँग परिचित गराउँछ। समाजप्रति मानिसको के–के कर्तव्य र अधिकार हुन्छ तथा त्यसको सदुपयोग कसरी गर्नुपर्छ भन्ने सबैखाले कुराको जानकारी शिक्षकद्वारा नै प्राप्त हुन्छ। यसैगरी केटाकेटीहरूमा जन्मगत केही मूल प्रवृत्ति हुन्छ। एउटा शिक्षकले त्यस मूल प्रवृत्तिलाई तिखार्ने र शुद्ध गर्ने काम गर्दछ। उनीहरूलाई सुमार्ग निर्देशन दिनुका साथै नियन्त्रण गर्ने काम पनि गर्दछ। यसबाट केटाकेटीहरूको व्यक्तित्व विकास हुन्छ। शिक्षकको दायित्व के हो भने केटाकेटीहरूको मूल प्रवृत्तिमा सुधार गरेर उनीहरूलाई समाज र राष्ट्र सेवाको लागि काम आउन प्रेरित गर्ने।

शिक्षकले विद्यार्थीहरूलाई भिन्न–भिन्न विषय र व्यावसायिक शिक्षा प्रदान गर्छ। उसले आफ्ना विद्यार्थीहरूलाई शिक्षा हासिल गरेपछि परिवार, समाज र देशप्रति आफ्नो कर्तव्य सही तवरले निर्वाह गर्ने योग्य बनाउँछ। यदि देशको युवा आत्मनिर्भर हुन्छन् भने राष्ट्र उन्नति र प्रगतिको बाटोमा अग्रसर हुन्छ। यस सँगसँगै विद्यार्थीहरूको चरित्र निर्माण र नैतिक विकास गर्नु पनि शिक्षकको महत्त्वपूर्ण दायित्व अन्तर्गत पर्दछ। गुणस्तरीय शिक्षाद्वारा नै केटाकेटीहरूले सत्यम्, शिवम्, सुन्दरम्सँग साक्षात्कार गर्छ र त्यसलाई आफ्नो आचरणमा व्यवहृत गर्छ। महात्मा गाँधीले भनेका छन्–"यदि शिक्षकले आफ्नो नाउँ सार्थक बनाउनुछ भने उसको प्रमुख कार्य नैतिक शिक्षा प्रदान गर्नु हुनुपर्छ।"

शिक्षकको सबैभन्दा ठूलो कार्यभार आफ्नो शिक्षाद्वारा विद्यार्थीहरूमा आदर्श नागरिकका गुण विकसित गर्नु हो जसबाट विद्यार्थीहरूले आफ्नो अधिकार र कर्तव्य राम्ररी बुझ्न सकूस् र जीवनमा त्यसको सदुपयोग गर्न सकून्। यहाँ बुझ्नुपर्ने कुरा के हो भने आदर्श नागरिकले नै सुखी र समृद्ध नेपालको निर्माणमा इमानदारीका साथ आफ्नो भूमिका निर्वाह गर्न सक्छ। एउटा आदर्श शिक्षकले नै आफ्नो शिक्षाद्वारा विद्यार्थीहरूमा राष्ट्रिय एकता र देशभक्ति सञ्चार गर्दछ जुन हिजोआज लुप्तप्रायः छ। कुनै पनि देशको स्वतन्त्र अस्तित्व त्यसको नागरिकमाथि निर्भर हुन्छ किनभने उनीहरूको सहयोगले नै देश उन्नत र सशक्त बन्दछ। प्रत्येक जागरूक नागरिक राष्ट्र निर्माणमा एउटा सहयोगीको रूपमा प्रस्तुत हुन्छ र एउटा शिक्षकले आफ्नो पुरुषार्थको बलमा केटाकेटीहरूलाई राम्रो नागरिक बनाएर राष्ट्र निर्माणको आफ्नो दायित्व निर्वाह गर्दछ।

आज नेपाली युवाहरूलाई आफ्नो संस्कृति र राष्ट्रको गौरवबाट परिचित गराउने खाँचो छ र यो कार्य शिक्षकले नै गर्न सक्छ। यस कारण शिक्षकले मन, वचन र कर्मले एउटा आदर्श प्रस्तुत गरेर सम्पूर्ण विद्यार्थीहरूमा राष्ट्र सर्वोपरि हो भन्ने भावना उत्पन्न गर्नुपर्छ। यस्ता शिक्षकहरूबाट विद्यार्थीहरूलाई एउटा नौलो दिशाबोध हुन्छ र उनीहरू पथभ्रमित हुनबाट जोगिन्छन्। जीवनमा प्रगतिमार्गमा अघि बढ्नको लागि सही दिशा निर्देशको आवश्यकता पर्दछ। यो निर्देशन कैयौं प्रकारको हुन सक्छ। जस्तै व्यक्तिगत निर्देशन, शैक्षिक निर्देशन, व्यावसायिक निर्देशन आदि। व्यक्तिगत निर्देशनद्वारा मानिसको व्यक्तिगत समस्या समाधान गर्ने प्रयत्न गरिन्छ। व्यावसायिक निर्देशनद्वारा मानिसको रुचि, योग्यता र क्षमता अनुसार उसलाई व्यवसाय रोज्न सल्लाह तथा सहयोग गरिन्छ। शैक्षिक निर्देशनद्वारा विद्यार्थीहरूको शैक्षिक समस्या समाधान गरी उनीहरूलाई विभिन्न खाले सीप र दक्षता प्रदान गरिन्छ। यसरी एउटा शिक्षकले विद्यार्थीहरूलाई यी सबै विषयमा उचित निर्देश दिएर देशको सफल नागरिक बनाउन सहयोग गर्दछ।


यसरी एउटा दक्ष शिक्षकले प्रत्येक विद्यार्थीलाई सबै विषयको उत्कृष्ट शिक्षा दिएर उनीहरूलाई एउटा राम्रो डाक्टर, इन्जिनीयर, न्यायिक एवं प्रशासनिक अधिकारी बनाउनुका साथै एउटा राम्रो मानिस पनि बनाउँछ। सामाजिक ज्ञानको अभावमा जहाँ एकातिर विद्यार्थीहरू समाजलाई सही दिशा दिन असमर्थ हुन्छन्, त्यहीं अर्कोतिर आध्यात्मिक ज्ञानको अभावमा गलत निर्णय लिन्छन् र आफूसँगै परिवार, समाज, देश र विश्वलाई समेत विनाशतर्फ डोर्‍याउने कारण बन्न सक्छन्। यसर्थ शिक्षकको कर्तव्य आरम्भदेखि नै विद्यार्थीहरूको जरो बलियो बनाएर सुन्दर र सभ्य समाजको निर्माणमा कुशल भूमिका निर्वाह गर्नु हो।

यसरी शिक्षक एउटा सुसभ्य र शान्तिपूर्ण देश र विश्वको निर्माता हो। शिक्षकले आफ्ना सबै विद्यार्थीलाई एउटा राम्रो भविष्य, एउटा सुरक्षित भविष्य दिनको लागि र विश्वभरि शान्ति, समझदारी र एकता स्थापनाका लागि उनीहरूको कलिलो मनमस्तिष्कमा नेपाली संस्कृति, वीरता र सभ्यताको रूपमा 'वसुधैव कुटुम्बकम्' जस्ता विचाररूपी बीउ छर्नुपर्छ।

# नेपाल-बेलायत श्रम वार्ता : एक साताभित्र श्रम समझदारीको मस्यौदा तयार हुने

काठमाडौं, २ माघ/रासस

रोजगारका लागि स्वास्थ्य जनशक्ति लैजाने विषयमा नेपाल र बेलायतबीच श्रम समझदारी हुने भएको छ। दुवै देशका अधिकारीबीच पहिलो चरणको वार्तामा समझदारीको मस्यौदा तयार गर्ने सहमति भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ।



नयाँनयाँ रोजगार गन्तव्य खोजी गर्ने क्रममा सरकारले रोजगार, पारिश्रमिक तथा सेवासुविधाका आधारमा बेलायतसँग श्रम सम्बन्ध कायम गर्न आग्रह गरेको थियो।

बेलायती अधिकारीसँग द्विपक्षीय भेटवार्तामा नेपालले रोजगारको अवसर उपलब्ध गराउन प्रस्ताव गरेको थियो।

औपचारिक छलफलमा नेपाली स्वास्थ्य जनशक्ति (नर्स) बेलायत पठाउने समझदारी भएको छ। बेलायतको 'डिपार्टमेन्ट अफ हेल्थ सर्भिस' र 'नेशनल हेल्थ सर्भिस'का प्रतिनिधि र नेपाल सरकारका प्रतिनिधिबीच भएको वार्तामा नेपालबाट श्रमिक पठाउने र बेलायतले रोजगार दिने सहमति भएको थियो।

बैठकमा नेपालका तर्फबाट श्रम मन्त्रालय अन्तर्गतको रोजगार व्यवस्थापन महाशाखा प्रमुख राजीव पोखरेल, उपसचिव थानेश्वर भुसाल, वैदेशिक रोजगार विभाग, परराष्ट्र र कानून मन्त्रालय तथा चिकित्सा शिक्षा आयोगका प्रतिनिधि सहभागी थिए। डिपार्टमेन्ट अफ हेल्थ र नेशनल हेल्थ, बेलायत बेलायती दूतावास, काठमाडौंका प्रतिनिधि मध्ये बेलायतबाट 'भर्चुअल' सामेली थियो।

नेपालमा नर्सिङ कलेजको क्षमता बढाउन बेलायत सरकारले सहयोग गर्ने र छात्रवृत्ति दिएर नर्स उत्पादनमा सहयोग गर्ने प्रतिबद्धता पनि आएको मन्त्रालयले जनाएको छ।

नेपालले पाँच वर्षे सम्झौता अवधिको प्रस्ताव गरेको छ। रोजगारका लागि बेलायत जाने नर्सले कुनै शुल्क बुझाउनु नपर्ने बताइएको छ।

बेलायत गएपछि त्यहाँको स्वास्थ्य काउन्सिलले लिने परीक्षा भने उत्तीर्ण हुनुपर्नेछ। यद्यपि उक्त अवधिमा सहायक नर्सका रूपमा रोजगार भने सुनिश्चित हुनेछ। नेपाली श्रमिक लैजाने मोडालिटीबारे टुङ्गो भने लागेको छैन। नेपालमा विभिन्न तहको नर्सिङ जनशक्ति छ।

बेलायतले नेशनल हेल्थ सर्भिसेस अन्तर्गत नेपाली नर्सिङ जनशक्तिलाई रोजगारको अवसर दिने बताइएको छ।

बेलायतले दक्षिण एशियाली क्षेत्रबाट स्वास्थ्य क्षेत्रमा एक लाख श्रमिक

(बाँकी पाँचौं पातामा)

## घरवासको पुनरागमन

पाठक प्रतिक्रिया

१ गते प्रतीकमा राजेश मिश्रको लेख 'भ्रमणयोग्य गन्तव्य : सुवर्णपुरको होमस्टे र प्रकृतिमय ठोरी' पढें। लेखकले नियात्रा लेख्न चाहेका छन् तर लेख पढ्दा होमस्टे र ठोरी घुम्ने सिफारिशपत्र जस्तो लाग्यो। प्रकृतिमय भन्नाले त्यहाँको प्राकृतिक छटा, पहाड र नदीनालाको विम्ब, रेखाचित्र आदि प्रस्तुत गर्नुपर्छ। त्यसले मान्छेलाई प्रेरित गर्छ।

पहिलेका मानिस होमस्टे गरेर नै यात्रा पूरा गर्थे। यसलाई पछि अर्थतन्त्रसँग जोडियो। त्यसले सराय र पौवाको रूप लियो। समय परिवर्तनसँगै स्थिति र आवश्यकता पनि परिवर्तित हुँदै गयो। सराय र पौवा साना होटल र लज हुँदै पाँचतारेसम्म पुगे। यसरी वास हरायो। अब फेरि होमस्टे फस्टाउनुको मतलब के? पहिले होमस्टे फ्री र **अतिथि देवो भव**को सिद्धान्तमा हुन्थ्यो। अब यसले अर्थतन्त्रको रूप लिएर समाजवादी र सराहनीय हुन पुगेको छ। पहिले हामी साप्ताहिक बजार वा मेलामा दैनिक सामग्री र लत्ताकपडा खरीद गर्थ्यौं। बिस्तारै त्यसको बृहत् रूप फस्टायो। एउटै शहरमा घुमीघुमी सबै सामान किन्न सजिलो भयो। यसको पनि रूप परिवर्तन भएर डिपार्टमेन्टल स्टोर खुले र सबै कुरा एउटै ठाउँमा उपलब्ध हुन थाल्यो।

यो होमस्टेजस्तो कुरा हो। होमस्टेलाई पनि सबैले सघाउनुपर्छ। लेखकलाई धन्यवाद!

**डा.शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# हुलाकी सडक बनेपछि व्यवसायीले ठोरी तिर किन्न थाले जग्गा, वीरगंज-पथलैयाको दामभन्दा एक चौथाईमैं उद्योग लगाउन सकिने

राधेश्याम पटेल, वीरगंज, २ माघ/

बारा-पर्साका व्यवसायीहरूले पर्साको ग्रामीण भेगतिर जग्गा किन्न थालेका छन् । पर्साको सदरमुकाम वीरगंजदेखि सुदूरपश्चिम पालिका ठोरीसम्म नवनिर्मित हुलाकी सडकको कारण वीरगंज-पथलैया औद्योगिक करिडरमा उद्योग व्यवसाय लगाउन चाहनेहरूले आफ्नो व्यवसाय पर्साको पश्चिम भेगमा सिफ्ट गर्न लागेका हुन् । वीरगंज, काठमाडौं, विराटनगर, भरतपुर तथा पश्चिम नेपालका समेत केही व्यवसायीले जग्गा खरीद गरी छोडिरहेका छन् भने केहीले उद्योग निर्माणको काम पनि थालिसकेको गाउँलेहरू बताउँछन् । स्टील उद्योग, खाद्यान्न उद्योग, सवारी साधन उत्पदन गर्ने उद्योग, गोदाम, पसल, होटल, रेस्टुरा, पेट्रोल पम्पका लागि जग्गा खरीद गर्ने होडबाजी चलेको छ ।



हुलाकी सडकखण्ड अन्तर्गत तिलावे पुल ।

एक वर्ष अघिदेखि सञ्चालनमा आएको हुलाकी सडकको लम्बाइ करीब ६५ किलोमिटर छ । वीरगंज प्रतिमा चोकदेखि आइसिपी, बहुअर्वा हुँदै सुवर्णपुर र उक्त सडक ठोरी हुँदै माडीसम्म गएको छ । तर अहिले वीरगंजदेखि ठोरीको ठुटे खोलासम्म करीब २४ फिट चौडा कालोपत्रे निर्माण भई हस्तान्तरण भइसकेको छ । ठुटे खोलादेखि चौतारासम्म पर्सा राष्ट्रिय निकुञ्जमा सडक क्षेत्र परेकोले केही रूख काट्नुपर्ने र कालोपत्रेको लागि स्वीकृति नआउँदा ग्राभेल बाटो मात्र चालू छ ।

डेढ वर्षदेखि वीरगंजको अलौदेखि बहुअर्वा र हुलाकी सडकखण्डको दायाँबायाँ जग्गा खरीद गर्नेहरूको लर्को लागेको बहुदरमाई नगरपालिकाका काङ्ग्रेसी नेता राकेश यादव बताउँछन् । उनका अनुसार अहिले ठूल्ठूला औद्योगिक घरानाले जग्गा खरीद गरी बहुअर्वा गर्दौल क्षेत्रमा उद्योग लगाइरहेको बताए । उनले दिएको जानकारी अनुसार हुलास समूहको एउटा पक्षले गर्दौलमा जस्ता पाता र एंगल-च्यानल बीम उत्पादन गर्न करीब डेढ अर्बको उद्योग लगाइसकेको र उत्पादन पनि थालिसकेको बताए । गर्दौल-वीरगंज- पोखरिया सडकखण्डमा हुलाकी सडक नजीकै उक्त उद्योगले करीब ३ बिघा क्षेत्रफलमा उद्योग लगाएको छ । त्यसैगरी नेपालकै विशाल समूहले भारतीय फ्रुटी जुस र प्रशोधित बेली पानी उत्पादन गर्ने उद्योग स्थापना गर्न ८ बिघा जग्गा खरीद गरी उद्योग लगाइरहेको छ भने मोटरसाइकल एसेम्बल गर्ने उद्योग स्थापनाको लागि पनि करीब ४ बिघा जग्गा खरीद गरी छोडेको छ । वीरगंजकै व्यवसायी राजु दारूकाले सशस्त्र बेस क्याम्प अलौभन्दा पूर्व तीन वर्ष अघि करीब १६ कट्ठा खरीद गरी अहिले पसलको लागि सटर र गोदाम निर्माण गरिरहेका छन् । विन्दवासिनी चोकमैं तिलावे खोलाभन्दा पश्चिम एउटा स्थानीय लगानीकर्ताको दाना उद्योग पनि लागिरहेको छ ।

सो क्षेत्रमा जग्गा सस्तो पाउने भएकोले अधिकांश व्यवसायीले जग्गा खरीद गरिरहेको वीरगंज उद्योग वाणिज्य सङ्घले जनाएको छ । वीरगज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध कुमार गुप्ताले हुलाकी सडकसँग टाँसिएको जग्गा प्रतिकट्ठा २५ लाखदेखि ३० लाखसम्म बिक्री भइरहेकोले सबैको ध्यान उतातिर गएको बताए । "सडक छेउको जग्गा बढीमा ३० लाख प्रतिकट्ठा पाइन्छ, पछाडिको जग्गा ४ लाखदेखि ६ लाखसम्म"-उनले भने-"त्यही वीरगंज-पथलैयातिर सडक छेउको जग्गा कट्ठाको ७५ देखि ८० लाख पर्छ, पछाडि १० लाखदेखि १५ लाखमा, अनि वीरगंज तिर किन्नुभन्दा हुलाकी सडकतिर किन्न सहज भएको छ ।"



हुलाकी सडक छेउमा नयाँ उद्योग स्थापना हुँदै । तस्वीरः प्रतीक

व्यवसायीले वीरगंज-पथलैया औद्योगिक करिडरमा एक बिघामा एउटा उद्योग लगाउँदा कम्तिमा १ अर्बभन्दा बढी रकम जग्गा खरीदमैं चाहिन्छ भने ग्रामीण भेगतिर ३०/४० लाखमैं मज्जले एक बिघा जग्गा खरीद गसकिन्छ। उनका अनुसार अहिले नेपालकै अधिकांश प्रतिष्ठित औद्योगिक तथा व्यावसायिक घरानाले ५ कट्ठादेखि ५ बिघासम्म जग्गा खरीद गरिसकेको उनको भनाइ छ । "सबैले किनिसके, यो सोध्नुहोस् कसले किनेको छैन"-वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष माधवराज पाल भन्छन्-"अरू कुनै विकल्प छैन, वीरगंज कलैयाभन्दा ठोरीतिर सम्भावना राम्रो छ ।"

व्यवसायीहरूका अनुसार हुलाकी सडकले वीरगंजलाई भरतपुरसँग नजीक पारेकोले सो क्षेत्रको सडकमा उद्योग व्यवसायको सम्भावना उज्ज्वल छ । वीरगंज करिडरबाट उत्पादित मालसामान हेटौंडा ढुवानी गर्दा किलोमा ५० पैसा, चितवन रु १, काठमाडौं-पोखरा २ रुपियाँ लाग्छ भने हुलाकी सडकबाट माडी हुँदै भरतपुर माल पुग्यो भने किलोमा ढुवानी भाडासमेत ५० पैसाले घट्ने उनीहरूको विश्लेषण छ । नेपाल उद्योग वाणिज्य महासङ्घ प्रदेश २ का अध्यक्ष गणेश लाठले मालसामानको ढुवानी लागत घट्दा उपभोक्ताहरूलाई सस्तो सामान उपभोग गर्ने वातावरण बन्ने बताए ।

**तिलावे पुल-अलौ-बहुअर्वा सडक चौडा पार्न माग**

व्यवसायीले चाँडै उद्योग लगाउने योजना बनाएपछि अहिले तिलावे पुलको काम अधूरो हुँदा जग्गा खरीद गरी मात्र छोडेका छन् । तिलावे पुलको काम सम्पन्न र आइसिपी, अलौ चोकदेखि बहुअर्वासम्म साँघुरो सडक चौडा पार्ने योजना सम्पन्न भएपछि लगानीकर्ताले मन खोलेर उक्त क्षेत्रमा उद्योग लगाउने काम शुरू गर्ने व्यवसायी घरानामा चर्चा छ । वीरगंजका धागो व्यवसायी मुरली जालान पुल र ४ किलोमिटर साँघुरो सडकले दैनिक जामको सामना गर्नुपर्ने भएकोले उक्त समस्या समाधानतर्फ सरोकारवाला निकायले सोच्नुपर्ने बताउँछन् । "वीरगंज-ठोरीतिर नयाँ औद्योगिक करिडर बनिरहेको छ, तर त्यसको लागि वीरगंजबाट जानेआउने सडक पनि चौडा र सुविधासम्पन्न हुनुपर्छ"-उनले भने-"बिहान र बेलुका हुने ४ घण्टा जामले उद्योग-व्यवसाय प्रभावित भइरहेका छन् । सो क्षेत्रका सडक ५० मिटर पार्ने भनेर मुआब्जा पनि वितरण भइसकेको छ तर बजेटको अभावमा अहिले करीब १६ फिट चौडा सडकमात्र सञ्चालनमा रहेकोले दुईतर्फी गाडी चल्दा जाम लाग्ने गरेको छ । तिलावे पुलको काममा पनि पप्पु लुम्बिनी जेभीले गर्दा ६ वर्षदेखि पुलको काम भइरहेको छ । तिलावे पुलको यसै वर्ष दोस्रो स्पान पनि ढलान गरी काम पूरा गर्ने तयारी छ ।

# अफगानिस्तानलाई चौध टन राहत सामग्री

काठमाडौं, २ माघ/रासस

नेपालले अफगानिस्तानलाई करीब १४ टन मानवीय सहायता सामग्री उपलब्ध गराएको छ । परराष्ट्र मन्त्रालयका सहसचिव सेवा लम्साल नेतृत्वको टोली हिमालय एयरलाइन्सको जहाजबाट करीब १४ टन सहायता सामग्री लिएर आज बिहान काबुल प्रस्थान गरेको हो ।



मानवीय सहायता सामग्री लिएर नेपाली टोली काबुल प्रस्थान गर्नुअगाडि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकार सम्मेलनमा बोल्दै परराष्ट्रमन्त्री डा नारायण खड्का । तस्वीरः रासस

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकार सम्मेलन गरेर परराष्ट्रमन्त्री डा नारायण खड्काले संयुक्त राष्ट्रसङ्घले उपलब्ध गराएको सूची अनुसार औषधि, लत्ताकपडा, भाँडाबर्तनलगायत सामग्री नेपालले मानवीय सहायतास्वरूप उपलब्ध गराएको बताए । खाद्यान्नबाहेक ती सामग्री करीब १४ टन रहेको मन्त्री खड्काले बताए । उनले नेपालको इतिहासमा पहिलोपटक आफ्नै प्रयासमा मानवीय सहायता सामग्री अन्य राष्ट्रलाई सहयोगस्वरूप पठाइएको बताए । यसबाट विपत्तिका बेला नेपालले मानवीय सहायता सामग्री पठाउन सक्ने सन्देश दिएको उनले बताए ।

उनले भने-"हामी ठूला प्राकृतिक तथा दैविक विपद्मा विभिन्न राष्ट्र तथा निकायबाट सहयोग लिन्छौं तर पनि यस कार्यले नेपाल सदैव सहयोग लिने मात्र होइन, आवश्यक परेका बेला अन्य राष्ट्रलाई सहयोग गर्न पनि पछि पर्दैन भन्ने सन्देश जानेछ । यसले नेपालको छविलाई अन्तर्राष्ट्रिय जगत्मा उच्च तुल्याउन सहयोग पुग्नेछ ।"

सरकारलाई कुनै दायित्व नपर्नेगरी सबै सामग्री व्यवसायीले निश्शुल्क उपलब्ध गराएको जानकारी मन्त्री खड्काले दिए । उनले सहायता सामग्री अफगानिस्तानसम्म पुऱ्याउन हिमालयन एयरलाइन्सले चार्टर्ड उडान निश्शुल्क सहयोग गरेको पनि बताए । दक्षिण एशियाली राष्ट्रको साझा समस्या भएको र सोही दायित्व अनुरूप आवश्यक मानवीय सहायता जहाजमार्फत पुऱ्याउन लागिएको मन्त्री खड्काले जानकारी दिए । सहायता सामग्री संयुक्त राष्ट्रसङ्घ, यहाँस्थित महावाणिज्य दूत, नेपालका उद्योगी, व्यवसायी, हिमालयन एयरलाइन्स, नेपाल आयल निगमलगायतबाट प्राप्त भएको हो । सहसचिव लम्साल नेतृत्वको टोलीले काबुलस्थित संयुक्त राष्ट्रसङ्घका प्रतिनिधिलाई मानवीय सहायता सामग्री आजै हस्तान्तरण गरेर स्वदेश फर्कने कार्यक्रम छ ।

# बर्दिवासमा योग र ध्यानको रौस

महोत्तरी, २ माघ/रासस

महोत्तरीको बर्दिवासमा योग र ध्यान साधना गर्ने निकै बढेका छन् । योग दिवसका अवसर पारेर शुभारम्भ गरिएको बर्दिवास-३ गौरीडाँडा रातमाटास्थित नवनिर्मित योग भवनमा शनिवार पहिलो दिन १०० हाराहारी सहभागी भएका हुन् ।



तस्वीरः फाइल/प्रतीक

गत वर्ष योग दिवसकै अवसरमा बर्दिवासमा सामूहिक योग र ध्यान साधना थालिएको हो । योग र ध्यानलाई दैनिक तालिकामैं निरन्तरता दिन यससम्बन्धी सचेतना बढाउन जरूरी ठानेर योगभवन निर्माण गरिएको बर्दिवास नगरपालिकाका प्रमुख विदुरकुमार कार्कीले जानकारी दिए । उनले "सामूहिकरूपमा गरिने योग र ध्यान सिकाइका लागि उपयुक्त हुँदो रहेछ । यसैले योग ध्यानबारे सर्वत्र चासो बढोस् भन्ने चाहनाका साथ योग भवन निर्माण गरेका हौं ।"

सामूहिक योग र ध्यानमा आउने ४० वर्षभन्दा माथिका बढी देखिएका योग गुरु स्वामी प्रेम आलोकले जानकारी दिए । "यहाँ जनप्रतिनिधिहरूको योग र ध्यानबारे एकदमै सकारात्मक चासो छ"-उनले भने-"गत वर्ष सांसद गिरिराजमणि पोखरेलको सहयोगमा एउटा पार्टी प्यालेसमा योग प्रशिक्षण थालेका थियौं, एक वर्षभित्रै अहिले योग भवन नै तयार भयो ।" स्थानीय तहका जनप्रतिनिधि पनि योग र ध्यानको सहभागिता बढाउन चासोका साथ लागेको आलोकको ठम्याइ छ । योग भवनमा अहिले आलोकसहित चारजना प्रशिक्षक छन् ।

नगरपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालयमा योग र ध्यानबारे थप कक्षा सञ्चालन गर्ने सैद्धान्तिक निर्णय नै गरेको छ । यसका लागि प्रशिक्षक व्यवस्थापनदेखि अन्य तयारी गरिने नगर कार्यपालिकाको कार्यालयले जनाएको छ । करीब ५२ लाखको लागतमा निर्मित योग भवनमा ४०० केभी विद्युत् प्रसारण लाइन, पानीखोल्सी रातमाटा सामुदायिक वन उपभोक्ता समिति र बर्दिवास नगरपालिकाले आर्थिक दायित्व निर्वाह गरेका छन् । योग भवनमा, एकसाथ ३०० जनाले अभ्यास गर्न सक्ने, क्षमता रहेको बर्दिवास-३ का वडाध्यक्ष राजन ढुङ्गानाले जानकारी दिए ।

# लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपालका अभिन्न भूभाग : नेपाल सरकार

काठमाडौं, २ माघ/रासस

नेपाल सरकारले महाकाली नदी पूर्वका लिम्पियाधुरा, कालापानी र लिपुलेकका सम्बन्धमा आफ्नो धारणा सार्वजनिक गरेको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आज आयोजित पत्रकार सम्मेलनमा नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले महाकाली नदी पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग हो भन्ने तथ्यमा नेपाल सरकार दृढ र स्पष्ट रहेको बताए ।

उनले भने-"नेपाल सरकारले भारत सरकारलाई नेपाली भूभाग भएर जाने कुनै पनि किसिमको एकपक्षीय सडक निर्माण/विस्तार रोक्न आग्रह गर्दै आएको छ ।"

नेपाल-भारतबीच रहिआएको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावना अनुसार दुई देशबीचको सीमा समस्याको समाधान ऐतिहासिक सन्धि-सम्झौता तथा नक्शा र प्रमाणका आधारमा कूटनीतिक



माध्यमबाट गर्ने नेपाल सरकार प्रतिबद्ध रहेको उनले बताए ।



बर्दिया राष्ट्रिय निकुञ्जभित्र रहेको होटल तथा होमस्टेमा नथुवा नाच देखाउँदै थारू समुदाय । राष्ट्रिय निकुञ्जभित्र आउने बाह्य र आन्तरिक पर्यटकहरूलाई सांस्कृतिक कार्यक्रम देखाउने गर्छन् । यसबापत पर्यटकको खुशी अनुसार सहयोग र होटल तथा होस्मटेबाट शुल्क लिने गर्छन् । तस्वीरः पङ्कज श्रेष्ठ

# एमाले पर्सा

मन्तव्य



कुमार रुपाखेती

**कसैको जूठो खानेलाई पूरा खाएको भनिन्छ। पर्सा एमालेमा त अहिले पूरा खानेहरूको भरमार देखिन्छ। भविष्यमो कति जूठो र पूरो खाने भित्रिने हुन् दैव नै जानून्! झ्वाट्ट हेर्दा यस्तो लाग्छ कि पर्सा एमालेको नीति नै गुमनाम हुनुभन्दा बदनाम हुनु राम्रो भएझैं देखिन्छ।**

सर्वसम्मतिको नाममा तानाशाही प्रवृत्तिबाट अध्यक्ष बन्ने ओलीको सपनालाई एकलव्य पारामा भीम रावलले 'हिस्स बूढी खिस्स दाँत' बनाएको भर्खरै मात्र हो।

अहिले जिल्ला–जिल्लामा समेत सर्वसम्मतिको नाममा ओलीवादीहरूले ज्यादति गर्न थालेपछि पार्टीका आन्तरिक पदहरूमा निर्वाचनको माहोल बन्न थालेको छ। ओलीको सर्वसम्मतिको नाटकलाई असफल पार्न जिल्लामा निर्वाचनको प्रजातान्त्रिक माहोल सिर्जना गर्नेहरूलाई ओलीवादीहरूले माधव नेपालको मान्छे भनेर आरोप लगाई मूतको न्यानो खोज्दैछन्। भनिन्छ अध्यक्ष पदमा पराजित भएर पनि भीम रावलको नीतिले जिल्लाहरूमा सफलता हासिल गर्न थालेको छ। जिल्ला अधिवेशनका निर्वाचनबाट ओलीजस्ता थोते बूढा पाखा लाग्ने भएपछि एमालेभित्रका चोर–चोर मौसेरे भाइ बन्न थालेका छन्। त्यसैपनि एमालेलाई गुटैगुटको दल भनिन्छ। अहिले पनि एमालेमा ओलीवादी र गैरओलीवादीबीच सङ्घर्ष जारी छ।

पर्सा जिल्लाको एमाले अधिवेशन स्थगित भएको सबैलाई थाहा छ। यो जिल्लामा पनि ओलीवादी र ओलीइत्तर समूहको घमासान धडल्लेले जारी छ। पर्सा एमालेको इतिहास पनि बडो उराठलाग्दो छ। कुनै बेला चिरञ्जीवी आचार्यले पर्सा क्षेत्र नं. १ बाट पाँच अङ्क अर्थात् दश हजारभन्दा बढी ल्याउँथे, अचेल यो क्षेत्रमा एमालेको चार अङ्क कटाउन धौंधौ परेको देखिन्छ। त्यतिखेरसमेत पर्सा एमालेलाई दाबाचि समूहको नाममा कार्यकर्ताले चिन्दथे। दाबाचि अर्थात् दामोदर, बालगोपाल, चिरञ्जीवी। अहिले दामोदर रिजाल यस लोकमा छैनन् भने बालगोपाल र चिरञ्जीवी माधव नेपालको पार्टीमा छन्। संसद् र विधायकमा मात्र होइन, पर्सा एमालेको स्थानीय सरकारमा समेत उपस्थिति न्यून छ। हुट्टिट्याउँले आकाश थाम्ने पारामा अन्य पार्टीबाट स्थानीय निर्वाचनमा विजयी भएका टपोरी प्रवृत्तिका बदनाम र भ्रष्ट अनुहारलाई अहिले पर्सा एमालेले सिन्दुर हालेर भित्र्याइरहेको सहजै देख्न सकिन्छ। काम न काज के दुश्मन अनाज के प्रवृत्तिका यस्ता मान्छेहरूले पर्सा एमालेलाई पाँच र चार होइन तीन अङ्कमा झार्ने देखिन्छ। चिची र पापा खानेहरूको भीडले यस्तै परिणाम दिने त हो नि !

अहिले पर्सा एमालेको हविगत त यस्तो खस्ता हालमा छ, जो अन्य पार्टीबाट प्रवेश गरेकाहरूको टेकोमा जेनतेन उभिएको देखिन्छ। पर्सा एमालेमा अहिले जबज बुझ्ने, अध्ययनशील, युवा पुस्तामा लोकप्रिय अरविन्द सिंहजस्ता युवकहरू औंलामा मात्र गन्न सकिने अवस्थामा छ। बिचरा अरविन्द पनि केन्द्रीय महाधिवेशनमा ओली समूहको शिकार हुन जोगिएका थिए।

अस्ति पर्सा एमालेको बन्द सत्रभित्र र बाहिर एकआपसमा मुक्कामुक्की भएछ। प्रतिपक्षी दलहरूसँग धक्कामुक्की र मुकाबला गर्न असमर्थ एमाले आफ्ना सहयात्रीसँग तँतँ–मम गर्न पर्सामा खप्पिस नै मानिन्छ। त्यसैले त यिनीहरूलाई धेरैले वनका गीदड जाएका किधर भन्छन्। पर्सा एमाले अहिले ओलीवादी अर्थात् गैरकम्युनिस्टहरूको पञ्जामा परेको देखिन्छ। पर्सा एमालेमा छिरेर कसैलाई व्यापार चम्काउनु छ, कसैलाई दलाली गर्नुछ भने कसैलाई आफ्नो भ्रष्ट र बदनाम चेहरा चम्काउनु छ। पर्सा एमाले चम्काउन खोज्नेहरू त अचेल छेउछाउमा मात्र देखिन्छन्। दान दक्षिणा दिएर, गधालाई गाई बनाएर एमाले छिराउने कामको श्रीगणेश पनि ओलीकै पालादेखि भएको देखिन्छ। पर्सामा एउटा जमात ओलीबा ओलीबा बाहेक केही जान्दैन। ओलीबाको सुगा रटाइ गर्ने यस्तो जमातलाई साइजमा नल्याउन्जेल पर्सा एमाले थोते बूढाहरूको खिया लागेको भुत्ते खुकुरी मात्र साबित हुने निश्चित छ।

कसैको जूठो खानेलाई पूरा खाएको भनिन्छ। पर्सा एमालेमा त अहिले पूरा खानेहरूको भरमार देखिन्छ। भविष्यमा पर्सा एमालेमा नजाने कति सङ्ख्यामा जूठो र पूरो खाने भित्रिने हुन् दैव नै जानून्! झ्वाट्ट हेर्दा यस्तो लाग्छ कि पर्सा एमालेको नीति नै अचेल गुमनाम हुनुभन्दा बदनाम हुनु राम्रो देखिन्छ।

दाने दाने में लिखा है खाने वालेका नामझैं टिकट पाउने लोभमा पर्सा एमालेको लेबुल लगाउनेहरूलाई पनि बधाई छ, अनि पार्टी जाए भाँड में भन्दै आयाराम गयारामहरूलाई संरक्षण दिनेहरूलाई पनि बधाई नै बधाई छ। महमूदको गीत नै छ 'विना बापका बच्चा हाँ जी, बाप बडा ना भैया सबसे बडा रुपैयाँ।'

# बुद्धनगरमा डिपबोरिङ शिलान्यास

प्रस, वीरगंज, २ माघ/

ठोरी गाउँपालिका–३ बुद्धनगर तल्लो टोलमा सिंचाइ तथा खानेपानी डिप बोरिङ शिलान्यास गरिएको छ। गापा अध्यक्ष पद्मलाल श्रेष्ठले आइतवार आयोजित कार्यक्रममा बोरिङ शिलान्यास गरेका हुन्।

गाउँपालिकाको अनुदान सहयोगमा १० इन्चको डिप बोरिङ जडान शुरू भएको स्थानीय युवा अगुवा शिवराम खड्काले जानकारी गराए। उक्त योजनाबाट बुद्धनगर, हुलाकी सडकभन्दा दक्षिणतर्फको क्षेत्रका कृषकलाई प्रत्यक्ष लाभ पुग्ने पालिका अध्यक्ष श्रेष्ठले बताएका छन्।

हाल ओडार मुहान र ठोरी मुहानबाट समेत सिंचाइ पानी आइरहेको उक्त क्षेत्रमा सुख्खा खडेरी र भल–बाढीको बेला सिंचाइमा अवरोध हुने गरेको छ। कतिपय अवस्थामा सिंचाइ अभावको कारण असारे रोपाइँसमेत स्थगित गर्नुपरेको युवा अगुवा खड्का बताउँछन्।

डिप बोरिङ्ग जडान भएपछि उक्त समस्याबाट सो क्षेत्रका किसानले मुक्ति पाउने उनले बताए।

बुद्धनगर तल्लो क्षेत्रमा जडान हुने डिप बोरिङले सो आसपासका क्षेत्र र बुद्धनगर माथिल्लो टोल र रामनगरका कृषकलाईसमेत अप्रत्यक्ष फाइदा पुग्ने पालिका अध्यक्ष श्रेष्ठको भनाइ छ। कुनै पनि एक क्षेत्रमा पानीको पर्याप्तता भएमा नहर सञ्जाल जोडिएका छिमेकी किसानलाई फाइदा पुग्ने व्यावहारिक भएको उनको तर्क छ।

कुखुरा पालनका लागि कैयन प्रयासका बावजुद किसानहरूले भनेजस्तो सफलता पाउन नसकेको उक्त क्षेत्रमा बोरिङको पानी उपलब्धता पछि कुखुरा पालन फस्टाउने र यसले स्थानीय कृषकको जीवनस्तर उकास्न महत्त्वपूर्ण योगदान पुग्ने अध्यक्ष श्रेष्ठको विश्वास छ। ब्रोइलर कुखुरालाई नहर वा मुहानको पानी अफाप हुने र रोगहरूको सङ्क्रमण बढने हुँदा डिप बोरिङ वा चापाकलको पानी उपयुक्त हुने उनले सुझाएका छन्।

सो अवसरमा ठोरी वडा नं. ३ का वडा अध्यक्ष सूर्यबहादुर लामा, नेकपा माओवादी ठोरी पालिका कमिटीका अध्यक्ष निमा लामा, युवा अगुवा टीका श्रेष्ठ, पूर्व जनमुक्ति सेनाका नातिकाजी सुनारलगायतको सहभागिता थियो।



तस्वीरः प्रतीक

# थप चार हजार ९६१ मा कोरोना सङ्क्रमण पुष्टि

काठमाडौं, २ माघ/रासस

देशभर पछिल्लो २४ घण्टामा थप चार हजार ९६१ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

यो सङ्ख्या शनिवार देखिएको नयाँ सङ्क्रमितभन्दा ३२५ ले बढी हो। शनिवार देशभरमा चार हजार ६३६ नयाँ सङ्क्रमित पुष्टि भएको थियो।


उपत्यकाका तीन जिल्लामा आज तीन हजार ३४७ नयाँ सङ्क्रमित थपिएका छन्।

काठमाडौंमा दुई हजार ५४५, ललितपुर ४७४ र भक्तपुरमा ३२८ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ। नयाँ सङ्क्रमितमध्ये चार हजार ५३४ को पिसीआर र ४२७ को एन्टिजेन विधिबाट परीक्षण गरिएको थियो।

पछिल्लो २४ घण्टामा १५ हजार १३१ जनाको नमूना परीक्षण गरिएको थियो।

१२ हजार ५६२ जनाको पिसीआर र दुई हजार ५६९ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

यो अवधिमा जम्मा परीक्षणमध्ये औसत सङ्क्रमणदर ३६.१ प्रतिशत छ। यही अवधिमा ४३५ जना कोरोना भाइरस सङ्क्रमणमुक्त भएका छन्।




# मोटरसाइकलको पेट्रोल ट्याङ्कीमा ११ किलो चाँदी

प्रस, बारा, २ माघ/

इलाका प्रहरी कार्यालय, सिमराले नं.को मोटरसाइकलको तेल ट्याङ्कीभित्र लुकाइछिपाई लगिरहेको अवस्थामा भारत



जीतपुरसिमरा उपमहानगरपालिका–१ नेपाल टेलिकम चोकमा चेकजाँच गर्दा वीरगंजबाट पथलैयातर्फ आउँदै गरेका एकजना मोटरसाइकल चालकसँग ११ किलो ५०० ग्राम चाँदी बरामद भएको छ।

चेकजाँच गर्ने क्रममा ना ३३ प ८५२६ नं.को मोटरसाइकलको तेल ट्याङ्कीभित्र लुकाइछिपाई लगिरहेको अवस्थामा भारत बिहार मोतिहारी ढाका निवासी २३ वर्षीय सुनील गुप्तालाई पक्राउ गरी आवश्यक अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया पठाएको जिल्ला प्रहरी कार्यालय, कलैया बाराका प्रहरी नायब उपरीक्षक राजेश थापाले बताए।

# वीउवासङ्घको कृषि प्रवर्द्धन समिति विस्तार

प्रस, वीरगंज, २ माघ/

वीरगंज उद्योग वाणिज्य सङ्घले कृषि प्रवर्द्धन समिति विस्तार गरेको छ। समितिको संयोजकमा ताराप्रसाद मनोनयन भएका वीउवासङ्घले जनाएको छ।



तस्वीर सौजन्यः वीउवासङ्घ

सङ्घका अध्यक्ष सुबोध गुप्ताले समितिको काम कारबाई प्रभावकारी ढङ्गबाट अगाडि बढाउन निर्देशन दिए। उनले सङ्घ अन्तर्गतका समितिहरू आफ्नो लक्ष्य प्राप्त गर्न कम्मर कसेर लाग्न जोड दिए।

कार्यक्रममा सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्षद्वय हरि गौतम र माधव राजपाल, सचिव आशिष लाठ, सहसचिव अनोज रूँगटालगायतको उपस्थिति थियो।

## फरक समाचार

# कोरोनाबारे रोचक अनुसन्धान

ओमिक्रोनको बढ्दो मामिलाबीच एउटा रोचक तथ्य अनुसन्धानमा देखिएको छ। इङ्गल्यान्डको ब्रिस्टल युनिभर्सिटीका वैज्ञानिकका अनुसार हावाको सम्पर्कमा आउँदा २० मिनेटमैं कोरोना भाइरस ९० प्रतिशतसम्म कमजोर हुन्छ। साथै शुरूआतको ५ सेकेन्डमा नै भाइरसले आफ्नो आधा शक्ति गुमाउँछ।



अनुसन्धानकर्ताका अनुसार यसको कारण हावामा नमी र कार्बन डाइअक्साइटको कमीलाई बताएका छन्।

कोभिड–१९ को रोग हावाको माध्यमबाट फैलिन्छ। वैज्ञानिकका अनुसार हावा तरल हुन्छ। यसमा विभिन्न प्रकारको कण हुन्छ जुन समयको साथै वातावरणमा फैलिन्छ। कोरोना भाइरस पनि यस हावाको साथ फैलिन सक्षम हुन्छ। जब कोही सङ्क्रमित व्यक्ति हाच्छ्यूँ गर्छ वा खोक्छ, उसको नजीक हुनेले त्यसै हावामा सास फेरिरहेको हुन्छ र त्यति बेला भाइरस शरीरभित्र प्रवेश गर्छ।

अनुसन्धानकर्ताका अनुसार हावाले भाइरसको कणलाई सुकाइदिन्छ। साथै हावामा कार्बन डाइअक्साइडको कमी भएको कारण भाइरसको पिएच लेभल बढ्छ। यी दुवै वस्तुको कारण भाइरसले केही मिनेटमैं सङ्क्रमण फैलाउने क्षमता गुमाउँछ।

कोरोना भाइरस नमी र कार्बन डाइअक्साइडको बढी मात्रा भएको वातावरणमा बढी समयसम्म जीवित रहन्छ। यी दुवै वस्तु हाम्रो फोक्सोबाट उसले पाउँछ त्यसैले कोरोनाले सजिलै हाम्रो शरीर छाड्न मान्दैन। अनुसन्धान अनुसार कार्यालयजस्तो स्थान जहाँ वातावरणमा नमी ५० प्रतिशतभन्दा कम हुन्छ, त्यहाँ भाइरसले केवल ५ सेकेन्डमैं आफ्नो सङ्क्रमण फैलाउने ५० प्रतिशत क्षमता गुमाउँछ। यद्यपि स्टिम रूम वा शावर रूममा नमी भएको कारण कोरोना भाइरस बढी समयसम्म बाँच्छ। तसर्थ मास्क र सामाजिक दूरी पालना गरेर हामीले कोरोना सङ्क्रमणलाई रोक्न सक्छौं।

द गार्जियनको रिपोर्ट अनुसार वैज्ञानिक जोनाथन रिड भन्छन्– यस समय सबैले हावादार स्थान र भेन्टिलेशनमाथि ध्यान दिइरहेका छन्। सङ्क्रमणको खतरा सबैभन्दा बढी सङ्क्रमित व्यक्तिको नजीक बसेर हुन्छ तसर्थ सामाजिक दूरी र मास्क लगाउन कहिल्यै बिर्सिनुहुँदैन।

# भाङ कोरोनाविरुद्ध असरदार

कोरोना सङ्क्रमणविरुद्ध भाङको बोट उपयोगी हुने जर्नल अफ नेचुरल प्रोडक्ट्समा प्रकाशित एउटा अनुसन्धानले दाबी गरेको छ। वैज्ञानिकका अनुसार



कैनाबिस सैटिवा नामक भाङको बोटमा केही यस्ता कम्पाउन्ड हुन्छन् जसको मदतबाट भाइरसलाई शरीरभित्र रोक्न सकिन्छ। यसभन्दा पहिले लेथब्रिज युनिभर्सिटीका वैज्ञानिकले पनि यस विषयमाथि शोध गरेका थिए।

मिडिया रिपोर्ट अनुसार कोरोना भाइरस र भाङको सम्बन्ध विस्तारले बुझ्न अमेरिकाको ओरेगन स्टेटका ग्लोबल हेम्प इनोभेशन सेन्टर कलेज अफ फार्मेसी र लिनुस पोलिङ इन्स्टिट्च्यूटका वैज्ञानिकले एक साथ मिलेर यस अनुसन्धानमा काम गरेका थिए। भाङको बोटमा पाइने दुई कम्पाउन्ड कैनाबिगेरोलिक एसिड (सिबिजिए) र कैनाबिडियोलिक एसिड (सिबिडिए)माथि अध्ययन गरिएको थियो।

अध्ययनमा वैज्ञानिकले यी दुई कम्पाउन्ड कोरोना भाइरस (सार्स–कोभ–२)को स्पाइक प्रोटिनसँग जुड्न सक्षम हुन्छ। भाइरसको यही स्पाइक प्रोटीन मनुष्यको शरीरमा पसेर उसको कोशिकालाई नष्ट गर्छ। वैज्ञानिकले दाबी गरेको छ यदि हामीले पहिले नै यस स्पाइक प्रोटीनलाई भाङमा पाइने कम्पाउन्डसँग जोड्छौं भने यसले हाम्रो शरीरमा सङ्क्रमण उत्पन्न गर्न सक्दैन।

रिसर्च गर्ने वैज्ञानिकका अनुसार भाइरससँग लड्न भाङको जुन कम्पाउन्ड सहयोगी हुन्छ, त्यो साइकोएक्टिभ होइन। यसको मतलब यसको सेवनबाट हाम्रो दिमाग नशाको शिकार भएर नियन्त्रण गुमाउँदैन। भाङको यी कम्पाउन्ड ब्रिटेनमा भेटिएको कोरोनाको अल्फा भेरिएन्ट र दक्षिण अफ्रिकामा भेटिएको बिटा भेरिएन्टविरुद्ध पनि समानरूपले असरदार हुन्छ।

भाङमा पाइने एसिड्सले हाम्रो शरीरलाई राम्रो सुरक्षा दिन्छ। कोरोना भाइरसलाई लक्षित गरी भविष्यमा यसको प्रयोग खोप बनाउन र एन्टिबडी विकसित गर्न काम लाग्ने वैज्ञानिकहरूले बताएका छन्। यसका साथै भाङको यी कम्पाउन्डलाई ओरली (मुखको माध्यमबाट) लिन सकिन्छ। यद्यपि यसको प्रयोग अहिले पनि पूर्णरूपले पुष्टि गरिएको छैन।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# चिनियाँ दुर्लभ पृथ्वी खनिज प्रयोग गर्नबाट रोक्न अमेरिकी विधेयक

वाशिंगटन, २ माघ/एएनआई

रक्षा ठेकेदारहरूलाई सन् २०२६ सम्म चीनबाट प्राप्त दुर्लभ पृथ्वी खनिजहरूको प्रयोग अन्त्य गर्न बाध्य पार्ने उद्देश्यले शुक्रवार अमेरिकी सिनेटमा नयाँ 'दुर्लभ–पृथ्वी विधेयक' पेश गरिएको छ।


तस्वीरः रायटर्स

अमेरिकी कदमप्रति प्रतिक्रिया दिँदै चिनियाँ विज्ञहरूले चीनको वृद्धि रोक्ने प्रयासको पृष्ठभूमिमा यो अमेरिकाको अर्को राजनीतिक चाल हो यद्यपि यसले चीनको दुर्लभ–पृथ्वी क्षेत्रको विकासमा बाधा नपर्ने बताएको ग्लोबल टाइम्सले जनाएको छ।

बेइजिङस्थित एन्बाउन्ड कन्सल्टिङका वरिष्ठ विश्लेषक लिउ एन्कियाओले ग्लोबल टाइम्सलाई भने, आफ्नै दुर्लभ–पृथ्वी आपूर्ति शृङ्खला स्थापना गर्ने लक्ष्यका साथ वाशिंगटनको चालहरूको शृङ्खला हेर्दा यो आश्चर्यजनक कदम होइन।

यस कदमको पछाडिको व्यापक सन्दर्भ अमेरिका–चीन बिग्रँदै गएको सम्बन्ध हो।

यसबाहेक हतियारसहित उच्च प्रविधि उत्पादनहरूको लागि महत्त्वपूर्ण कच्चा पदार्थका निम्ति अमेरिका चीनको दुर्लभ पृथ्वी खनिजको आपूर्तिमा धेरै निर्भर गर्दछ। चीनसँग ४४ मिलियन टन दुर्लभ पृथ्वी खनिजको भण्डार छ जुन विश्वव्यापी भण्डारको ३६.७ प्रतिशत हो।

ग्लोबल टाइम्सका अनुसार सन् २०२० मा चीनले १,४०,००० टन दुर्लभ पृथ्वी खनिज उत्पादन गरेको जनाइएको छ र यो मात्रा विश्वव्यापी उत्पादनको लगभग ६० प्रतिशत हो। रासस

# चीनका ९० प्रतिशत नागरिकले लगाए कोरोनाको खोप

बेइजिङ २ माघ/सिन्ह्वा

करीब ९० प्रतिशत चिनियाँ नागरिकले कोरोनाविरुद्ध खोप लगाएका छन्। यहाँका स्वास्थ्य अधिकारीहरूले दिएको जानकारी अनुसार चीनका करीब ९० प्रतिशत नागरिकले कोरोना विरुद्ध खोप लगाएको जानकारी दिएका छन्।



शुक्रवारसम्मको तथ्याङ्कमा यहाँका १ अर्ब २६ करोड नागरिकले खोप लगाएको जानकारी दिइएको छ। यो सङ्ख्या चीनको जनसङ्ख्याको करीब ९० प्रतिशत हुन आउँछ। शनिवार दिइएको जानकारीमा तीमध्ये १ अर्ब २२ करोडले यो खोपको पूरा मात्रा लगाएका छन्। सो कुराको जानकारी चीनको नेशनल हेल्थ कमिशनका अधिकारी हि क्विनगुले दिए।

शनिवार पत्रकार सम्मेलनमा उनले चीनमा नागरिकलाई कोरोनाविरुद्ध खोप दिने क्रम जारी रहेको र शुक्रवारसम्म ९० प्रतिशतले खोप लिइसकेको बताएका हुन्। सो पत्रकार सम्मेलनमा उनले बाँकी रहेका चिनियाँ नागरिकलाई पनि खोप लिन आग्रह गरे। सो अवसरमा उनले अनिवार्य रूपमा मास्क लगाउन, सामाजिक दूरी कायम गर्न तथा कोठाभित्र बस्दा भेन्टिलेशन भएका कोठामा बस्न पनि आग्रह गरेका थिए। चीनमा पनि पछिल्ला केही समयमा कोरोनाका सङ्क्रमितहरू देखिन थालेका छन्। ती सङ्क्रमितहरूको पहिचान गरेर चीनका अधिकारीहरूले स्वास्थ्य सतर्कताका मापदण्ड पालन गर्न आग्रह गरिरहेका छन्। रासस

# दशौं हजारले जर्मनीभर विरोध प्रदर्शन



प्रदर्शनकारीहरूले 'गालीको साटो खोप' र '११५०० कब्रमाथि नृत्य गर' लेखिएको ब्यानर बोकेका थिए। फोटो : एजेन्सी

बर्लिन, २ माघ/एएनआई/स्पुतनिक

दशौं हजार खोप समर्थकहरू र महामारी अस्वीकार गर्नेहरूले शनिवार जर्मनीभर जुलुस निकालेका छन्।

सार्वजनिक प्रसारक एआरडिका अनुसार दक्षिणपश्चिमी शहर फ्रेइबर्गमा करीब ८,५०० मानिस सडकमा उत्रेका थिए। उनीहरूमध्ये लगभग ६,००० ले सार्वजनिक र निजी जीवनमा प्रतिबन्धको विरोध गरे, जबकि २,५०० ले प्रतिस्पर्धी प्रदर्शन गरे। त्यसैगरी थप तीन हजार प्रदर्शनकारीले कोभिड–१९ असन्तुष्टहरूको आलोचना गर्दै उत्तरी बन्दरगाह शहर ह्याम्बर्गमा जुलुस निकालेका छन्।

मास्क नलगाएका सयौं प्रदर्शनकारी ह्याम्बर्गर कुनस्टले बाहिर ऱ्याली गर्दै प्रतिबन्धको अवज्ञा गरेका थिए, उनीहरूको पुलिससँग छिटपुट झडप भएको थियो।

साथै ओसनाब्रक, श्वेरिन, म्युनिख, फर्थ र डसेलडोर्फमा हजारौं मानिसले प्रदर्शन गरेका छन्। रासस

# आँखा बिरामीहरूको निश्शुल्क शल्यक्रिया

प्रस, वीरगंज, २ माघ/

वीरगंज महानगरपालिकाका नगरप्रमुख विजय सरावगीले वडा नं. २५ का आँखाका बिरामीहरूको निश्शुल्क शल्यक्रिया गर्न लगाएका छन्।


तस्वीर सौजन्यः वीमनपा

महानगरपालिकाको लोक कल्याणकारी योजना अन्तर्गत माट्रिका आइ फाउन्डेशनको सहयोगमा आइतवार वडा नं. २५ का वृद्धवृद्धाहरूको निश्शुल्क शल्यक्रिया गरिएको हो।

आँखा शिविरमा मोतियाबिन्दुका बिरामी भेटिएपछि उनीहरूको निश्शुल्क शल्यक्रिया गरिएको नगरप्रमुख विजय सरावगीले बताए।

उनले अभियान अन्तर्गत महानगरको ३२ वटै वडाका २५ सय व्यक्तिको निश्शुल्क आँखासम्बन्धी रोगको शल्यक्रिया मेयर कल्याणकारी कोषबाट गरिने बताए।

# मौलापुर बजार/चोकहरूको नामकरण

प्रस, रौतहट, २ माघ/

मौलापुर बजार क्षेत्रका विभिन्न चोकको नामकरण गरिएको छ। मौलापुर बजारको विस्तारसँगै नयाँ चोकहरूको नामकरण गरिएको हो।



तस्वीरः प्रतीक

बजारका विभिन्न क्षेत्रमा सडक–चोक निर्माण भए पनि नामाकरण नहुँदा सर्वसाधारणलाई अन्योल भइरहेकाले विभिन्न चोकको नामकरण गरिएको मौलापुर नगरपालिकाले जनाएको छ। मौलापुर नपाको कार्यपालिका बैठकले ऐतिहासिक, मौलिक र आधुनिकताको आधारमा विभिन्न चोकको नाम राखिएको नगरप्रमुख रीनाकुमारी साहले बताइन्।

बजार क्षेत्रका चोकहरूलाई स्मार्ट सिटीचोक, अद्भुतनाथ चोक, महावीरचोक, क्याम्पसचोक र हिमगिरिचोक राखिएको प्रमुख प्रशासकीय अधिकृत रामबाबू साहले बताए। कार्यपालिका बैठकको निर्णय अनुसार नेता प्रभु साहको उपस्थितिमा विभिन्न नामसहितका बोर्डहरू स्थापना गरी नामकरण गरिएको थियो। नामकरणको लागि नपालाई धन्यवाद दिँदै नेता साहले मौलापुर नपाले सराहनीय कार्य गरेको बताए।

नेपाल–बेलायत श्रम......

भित्र्याउने घोषणा गरेको छ। नेपालबाट करीब १० हजार नर्सिङ जनशक्ति लैजाने उसको तयारी छ। नेपाल नर्सिङ सङ्घका अनुसार नेपालमा ६६ हजार नर्स उत्पादन भएका छन्।

तीमध्ये २५ हजार विदेशमा छन्। नौ हजार नर्स सरकारी सेवामा र केही निजी अस्पतालमा कार्यरत छन्।

वैदेशिक रोजगार विविधीकरण गर्ने लक्ष्य लिएको सरकारले आकर्षक गन्तव्यको खोजी गरिरहेको छ। यस अघि जापान, इजरायल, मरिससलगायत मुलुकसँग नेपालले विशिष्टीकृत क्षमताका श्रमिक पठाउने समझदारी गरिसकेको छ। छिट्टै नेपाली श्रमिक इजरायलको स्वास्थ्य क्षेत्रमा काम गर्न त्यसतर्फ जाँदैछन्।

ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं

वीरगंज महानगरपालिका

रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## गुठी तैनाथी जग्गाको बाली ठेक्कासम्बन्धी ३० दिने सार्वजनिक सूचना

प्रथमपटक प्रकाशित मितिः २०७८/१०/०३ गते

गुठी संस्थानको पूर्ण स्वामित्वको तपसिल बमोजिमको गा.वि.स.मा रहेको गुठी तैनाथी जग्गा कृषि व्यवसायका लागि आव २०७९/०८० देखि बढीमा ५ वर्षको लागि ठेक्का लगाउनुपर्ने भएकोले लिन चाहने इच्छुक सङ्घसंस्था तथा नेपाली नागरिकबाट बोलपत्र प्रस्ताव फारम खडा गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|---|
| बारा | बेनौली | ५ | ४१३ | ०–३–० | बारा | बेनौली | ५ | ४१४ | ०–२–० |
| बारा | बेनौली | ५ | ९० | ०–१२–१ | पर्सा | लालपर्सा | ८ | ३४ | १–८–० |

**पालना गर्नुपर्ने शर्तहरू :**

१. बोलपत्र फारम रु. १०००/– (एक हजार फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले ३०औं दिनसम्म यस कार्यालयबाट खरीद गरी ३१औं दिनको १२ बजेसम्म दर्ता गरिसक्नुपर्नेछ। दर्ता हुन आएका बोलपत्र सोही दिन दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा बोलपत्र खोलिनेछ। प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

२. आफूले सकार गरेको ५ वर्षको कबुल अङ्कको ५% ले हुन आउने रकम यस कार्यालयको सानिमा बैंक वीरगंजमा रहेको धरौटी खाता नं. ०२१०१००१००००४८५ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तीमा १२० दिन मान्य अवधि भएको बैंक ग्यारेन्टी संलग्न हुनुपर्नेछ। प्रस्ताव स्वीकृत भएमा कार्यालयले स्वीकृत भएको जानकारी गराएको ७ (सात) दिनभित्र पहिलो किस्ताको रकम र पर्याप्त जेथा जमानत राखेपछि मात्र सम्झौता गरी चलन पूर्जी दिइनेछ। तोकिएको समयमा सम्झौता नगरे धरौटीबापतको रकम जफत गरिने छ।

३. तैनाथी जग्गाको संरक्षण संवर्द्धन गर्ने ठेकेदारको जिम्मेवारी हुनेछ। तोकिएको कार्यबाहेक अन्य कार्य गरी जग्गाको हैसियत आकृति, प्रकृति बिगार्ने कार्य, जग्गा अतिक्रमण गरे–गराएमा नोक्सान भएको बिगो जति पेश भएको जमानतबाट र नपुग भए सरकारी बाँकीसरह घर घरानाबाट असुल उपर गरिनेछ।

४. गुठी संस्थानलाई तिर्ने बुझाउने बाँकी बक्यौता राख्ने तथा कालोसूचीमा परेको व्यक्ति वा फर्मले यस प्रस्ताव प्रक्रियामा भाग लिन पाउने छैन। भाग लिएको पाइएमा रद्द गर्न सकिनेछ।

५. प्रस्ताव दाखिला गर्दा प्यान (स्थायी लेखा नं.) तथा सङ्घसंस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र र मु.अ.कर दर्ता प्रमाणपत्रको आफैंले प्रमाणित गरेको प्रतिलिपिसहित गत आवसम्मको करचुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ।

६. प्रस्ताव दाखिला गर्दा आफूले लिन चाहेको कबुल रकम अङ्क र अक्षरमा लेख्नुपर्नेछ। फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता लिइनेछ।

७. प्रस्ताव बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन कायम गरिनेछ।

८. धार्मिक मठमन्दिर आदि भएका स्थानको जग्गा कृषि व्यावसायिकमा प्रयोग गर्दा मठमन्दिरको धार्मिक भावनामा असर पर्ने गतिविधिहरू गर्न पाइने छैन।

९. पर्न आएका प्रस्ताव स्वीकृत गर्ने–नगर्ने सर्वाधिकार गुठी संस्थानमा निहित रहनेछ। यस विषयमा कुनै पनि कुरा बुझ्नुपर्ने भएमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१०. यस कार्यालय अन्तर्गतको श्री राधाकृष्ण भगवान सुर्जाहा कट्टी मठको परिसर भित्रको सुर्जाहा गा.वि.स. हाल पकाहामैनपुर वडा नं. ०३ मा आँप बगैंचा रहेको आँपको रूख थान ५४ को आँप फल मात्रका लागि माथि उल्लिखित शर्त बमोजिम नै ठेक्का व्यवस्थाका लागि सोको समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। आँप फलको मात्र उपयोग गर्न पाउने रूख बिरूवा काट्ने काट्न लगाउन नपाउनेगरी माथि उल्लिखित शर्त बमोजिम नै लागू हुनेछ।

**गुठी संस्थान शाखा कार्यालय वीरगंज, फोन नं. ०५१-५२२३१५**

# नेविसङ्घद्वारा सप्रजिअ पौडेललाई ज्ञापन

प्रस, वीरगंज, २ माघ/

नेपाल विद्यार्थी सङ्घ, ठाकुरराम बहुमुखी क्याम्पस एकाइले सहायक प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ। हरि खेतान बहुमुखी क्याम्पसको सन्दर्भमा सात बुँदे मागसहित नेविसङ्घ ठाराब क्याम्पस एकाइ अध्यक्ष मनोजकुमार साहसहितको टोलीले सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेललाई ज्ञापनपत्र बुझाउँदै तीन दिनभित्र सात सूत्रीय माग पूरा नगरिए कडा आन्दोलन गर्ने चेतावनी दिएको छ।



हरि खेतान क्याम्पसका प्रमुख यादवसँग बहस गर्दै विद्यार्थी नेता र प्रजिअलाई ज्ञापनपत्र बुझाउँदै। तस्वीर: प्रतीक

अध्यक्ष साहसहितको टोलीले क्याम्पस प्रमुख भगवानप्रसाद यादवलाई सोबारे ध्यानाकर्षण गराएको थियो।

# स्वास्थ्यकर्मीहरूको विवादले आइतवार रतनपुर स्वास्थ्य चौकी बन्द

प्रस, निजगढ, २ माघ/

निजगढ नपा–११ रतनपुरमा रतनपुर स्वास्थ्य चौकी निर्माण भई सञ्चालनमा आएको दुई वर्ष बढी भयो।

रतनपुरले स्वास्थ्य चौकी पाए पनि कर्मचारीहरूबीच मनभेत देखिएको छ। पहिले किशोरी यादव स्वास्थ्य चौकी इन्चार्ज थिए।

चौकी नयाँ भवनमा सरेको करीब एक वर्षपछि इन्चार्जको जिम्मेवारी दिनेश परियारले सम्हाल्न थालेसँगै विवाद पसेको स्थानीय बासिन्दा बताउँछन्।



विवादबारे निजगढ नगरपालिकामा छलफल हुँदै। तस्वीर: जीतलाल श्रेष्ठ

स्वास्थ्य कर्मचारीबीच उत्पन्न मतभेदको निजगढ नपा र नगर स्वास्थ्य शाखाले बेलैमा समाधान गर्न चासो नदेखाउँदा स्वास्थ्य चौकीको सम्पूर्ण सेवा बन्द गरी तालाबन्दी गर्नुपर्ने अवस्था सिर्जना भएको छ। दुवैजनाबीच वादविवाद र कुर्सी हानाहानको अवस्था समेत आएको प्रत्यक्षदर्शी कर्मचारीले नाम नछाप्ने शर्तमा बताएका छन्।

# करणी आरोपी दुईजना पक्राउ



पक्राउ परेका दुवैजना। तस्वीर सौजन्य: जिप्रका, बारा

प्रस, बारा, २ माघ/

बारा जिल्ला आदर्शकोतवाल गाउँपालिका–७ कोतवाली टोल निवासी एउटी बालिकालाई करणी गरी हत्या गरेको आरोपमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ।

गत पुस २५ गते दिउँसो बाख्रा चराइरहेको बेला रूपमालाकुमारी साह पानी लिन गएको मौका छोपी सन्तोषसाह कानूले करणी गरेको अनुसन्धान गरिरहेका जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक राजेश थापाले बताए।

आरोपी सन्तोषसाह बिन्देश्वरसाह कानूको नाममा रहेको कुखुरा फार्म सञ्चालन गर्दै आएका छन्। घटनाका दिन उनी फार्ममा एक्लै रहेको र सोही बखत उनले करणी र त्यसपश्चात् नाबालिकाको घाँटी कसी हत्या गरेको प्रनाउ थापाले बताए।

घटनामा उनकी आमा शान्तिदेवीले अपराध पुष्टि हुने दसी लोप गर्ने प्रयास गरेको आरोपमा प्रहरीले दुवैजनालाई पक्राउ गरी जिल्ला अदालत बाराबाट अनुसन्धानका लागि ५ दिन म्याद थप गराएको छ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १) | वीमनपा | छलफल | होटल मकालु | १३:०० बजे (आमन्त्रित मात्र) |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## शहीद स्मारक "ए" डिभिजन लिग : मच्छिन्द्र विजयी

काठमाडौं, २ माघ/रासस

शहीद स्मारक 'ए' डिभिजन लिग फूटबल अन्तर्गत आज सम्पन्न खेलमा मच्छिन्द्र फूटबल क्लब विजयी भएको छ।




त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको खेलमा मच्छिन्द्रले बिग्रेड ब्वाइज क्लबलाई ४–० गोल अन्तरले पराजित गरेको हो। मच्छिन्द्रका लागि विमल घर्ती मगरले दुई तथा रेजिन सुब्बा र अभिषेक रिजालले एक–एक गोल गरे।

ब्रिगेड ब्वाइजले मच्छिन्द्रलाई पहिलो हाफमा गोलरहित बराबरीमा रोके पनि दोस्रो हाफमा भने सकेन। खेलको ५६औं मिनेटमा मच्छिन्द्रका खेलाडी विमलले गोल गरे। उनले रेजिन सुब्बाले उपलब्ध गराएको बलमा हेडमार्फत गोल गरेका थिए। त्यस्तै खेलको ६२औं मिनेटमा विमलले व्यक्तिगत दोस्रो गोल गरे। खेलको ८४औं मिनेटमा रेजिनले गोल गर्दै मछिन्द्रको अग्रता तेब्बर बनाए। उनले विमलको पासमा गोल गरेका थिए।

खेलको दोस्रो हाफको अतिरिक्त समयमा अभिषेकले गोल गर्दै मच्छिन्द्रलाई ४–० गोलको जित दिलाए। जितसँगै शीर्ष स्थानमा रहेको मच्छिन्द्रको नौ खेलबाट २३ अङ्क पुगेको छ। मच्छिन्द्रले दोस्रो स्थानको मनाङलाई चार अङ्कले पछि पारेको छ। मनाङको १९ अङ्क छ। ब्रिगेड ब्वाइज अङ्क तालिकाको १२औं स्थानमा छ।

## प्रधानमन्त्री कप क्रिकेट : सुदूरपश्चिमद्वारा प्रदेश १ पराजित

काठमाडौं, २ माघ/रासस

सुदूरपश्चिम प्रदेशले प्रदेश नं १ लाई पराजित गर्दै राजधानीमा जारी प्रधानमन्त्री कप टी–२० राष्ट्रिय क्रिकेट प्रतियोगितामा सुखद अन्त्य गरेको छ।




कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आज भएको आफ्नो अन्तिम खेलमा सुदूरपश्चिमले प्रदेश १ लाई ७ विकेटले पराजित गरेको हो। एक सय ५९ रनको विजयी लक्ष्य सुदूरपश्चिमले १९.१ ओभरमा तीन विकेट गुमाउँदै पूरा गऱ्यो। सुदूरपश्चिमको जीतमा राजु रिजालले सर्वाधिक ६८ रनको योगदान दिए। उनले ५२ बल खेल्दै नौ चौका र दुई छक्का प्रहार गरे।

यस्तै सन्तोष भट्टले ४८ रन जोडे। उनले ३९ बल खेल्दै ४ चौका र ३ छक्का हाने। अर्जुन साउदले २६ तथा नारायण जोशी ८ रनमा अविजित रहे। बलिङतर्फ प्रदेश १ का कमल खत्री, मुकुन्द यादव र फिर्दोस अन्सारीले एक/एक विकेट लिए। त्यस अघि टस जितेर ब्याटिङ गरेको प्रदेश १ ले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १५८ रन बनायो। प्रदेश १ का लागि मुकुन्द यादवले सर्वाधिक ३४ रन बनाए भने सोनु अन्सारीले ३१ रन जोडे। त्यसैगरी मिनाष थापा र अङ्कित सुवेदीले समान २३/२३ रन जोडे। बलिङतर्फ सुदूरपश्चिमका हेमन्त धामी र नारायण जोशीले दुई/दुई तथा कैलाश ऐर, शेर मल्ल, सन्तोष भट्ट र आदित्य महताले एक/एक विकेट लिए।

समूह 'ए'बाट नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लब सेमिफाइनलमा प्रवेश गरेका छन्। पुलिस तीन खेल जित्दै सेमिफाइनलमा पुगेको हो। पुलिसले आफ्नो अन्तिम खेल सोमवार प्रदेश १ सँग खेल्नेछ।

त्रिभुवन आर्मी क्लब चार खेलमध्ये दुईमा जीत र एकमा हारसहित दोस्रो स्थानमा रहँदै सेमिफाइनल प्रवेश गरेको छ। सुदूरपश्चिम चारमध्ये दुईमा जीत र दुईमा हारसहित तेस्रो स्थानमा छ। कर्णाली प्रदेश चार खेलमध्ये एकमा जीत र तीनमा हार बेहोर्दै चौथो स्थानमा छ।

प्रदेश १ तीन खेलमा जीतविहीन रहँदै तालिकाको पुछारमा छ। खेल मैदान खेल्न लायक नभएका कारण प्रदेश १ ले एउटा खेलमा आर्मीसँग अङ्क बाँडेको थियो। समूह 'बी'बाट सशस्त्र प्रहरी बलको एपिएफ क्लब र बागमती प्रदेश सेमिफाइनलमा पुगेका छन्। एपिएफ समूह विजेता बन्दै तथा बागमती उपविजेता भई सेमिफाइनलमा पुगेका हुन्।


कोभिडबाट सचेत र सतर्क रहौं,
- कोरोना सङ्क्रमणको जोखिम कायमै छ।
- यसले कुनैपनि समय महामारीको रूप लिन सक्दछ।
- त्यसैले तत्काल कोरोनाविरुद्धको खोप लिऔं, जमघट तथा भीडभाडमा जाँदा अनिवार्यरूपमा स्वास्थ्य मापदण्ड पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## फोहोरबाट मोहर.....

फोहोरमैला मुक्त बनाएबापत राष्ट्रिय पुरस्कार पाएको गफ चुट्ने ग्रीन एन्ड क्लिन सिटी हेटौंडाका सञ्चालक नवराज खतिवडाको गफ निजगढमा भने, गफमा मात्र सीमित देखिएको छ।

५ वर्षसम्म निजगढ नगरको फोहोर मैला व्यवस्थापन गर्नेगरी ५० लाखमा निजगढ नपासँग सम्झौता गरेपनि सम्झौता अनुसार काम हुन सकेको छैन।

सम्झौता अघि ठूला–ठूला कुरा गरेपनि सम्झौतापछि यहाँ उत्सर्जित फोहोर मैला कानून, वन वातावरण संरक्षण र जनस्वास्थ्यविपरीत निजगढ बकैया पुल दक्षिणतर्फको नदी किनारमा डम्पिङ गर्दै आगो लगाउँदै प्लास्टिक, शीशा, धातुजन्य फोहोर मैला व्यवस्थापन गर्दै आएको थियो।

नगरवासीहरूले सो कार्यको विरोध गरेपछि केही दिन केही वडामा फोहोर मैला व्यवस्थापनसम्बन्धी अन्तर्क्रिया गरी नौटङ्की देखाएपनि समस्या ज्यूँका त्यूँ छ।

सम्झौता अनुसार फोहोर–मैलाको उचित व्यवस्थापन गर्न पत्राचार भइरहेको प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्की बताउँछन्। सम्झौता अनुसार काम गर्न नसके वा अटेर गरे सम्झौता खारेज हुन सक्ने उनले बताए।

"जब चाडबाड आउँछ, सार्वजनिक स्थल, मुख्य चोक–बजारको समेत फोहोर मैला उठ्दैन"–निजगढवासीको गुनासो छ। फोहोर व्यवस्थापनको नाउँमा आगो लगाएर डढाउँदा स्वास्थ्यमा समस्या हुने गरेको अधिकांश नगरवासीहरूको भनाइ छ।

यसरी बारम्बार बेवास्ता, लापरवाही गर्ने ग्रीन एन्ड क्लिन सिटी हेटौंडासँग भएको सम्झौता खारेज गर्न जनआवाज उठिरहेको छ।